# उच्च घनत्व स्याउका बिरुवाको प्राविधिक मापदण्ड

१. स्याउको जात Golden Delicious, Red Delicious, Gala, Fuji र Red Jonaprince हुनुपर्नेछ । यी जातहरु मध्ये Red Delicious, Gala र Fuji लाइ परासेचनको आवश्यक पर्ने Golden Delicious को जात कम्तिमा १० प्रतिशत हुनपर्नेछ र Red Jonaprince लाइ परासेचनको लागि आवश्यक पर्ने Gala को जात कम्तीमा १० प्रतिशत हुनुपर्नेछ । अन्य उपरोक्त जातहरुको संख्या स्थानीय जिल्लाको माग अनुसार तय गर्न सकिनेछ।

२. स्याउ कलमी विरुवाको Rootstock को जात M9 हुनुपर्नेछ ।

३. उपरोक्त Scion र Rootstock का जातहरु Apple High Density Planting को लागि 1m× 3m Spacing मा आधारित व्यवसायिक स्याउ खेतिको लागि उपयुक्त हुनेछ।

४. उपरोक्त Scion र Rootstock का varieties र Strains समेतको Catalogue तथा ति जातहरुको Pest List (Tolerent/Resistant/Susceptible to different Insect Pests and Diseases) को विवरण समेत संलन गरेको हुनुपर्नेछ।

५. बिरुवाको उचाई १.७ देखि २.२ मिटर हुनुपर्नेछ।

६. प्रत्येक स्याउका कलमी बोट प्रशस्त जरा भएको हुनुपर्नेछ र ति जराहरु पूर्ण रुपले माटो रहित र स्वस्थ हुनुपर्नेछ ।

७. अगुवा हाँगा (Leader) सोझो, नभाँचिएको, कोपिलाहरु पुष्ट भएको र vigorous growth भएको बोट हुनुपर्छ।

८. अगुवा हाँगा (Leader) लाइ प्रभाव पार्ने अन्य कुनैपनि हाँगाहरु नभएको हुनुपर्नेछ।

९. १२ देखि २५ से.मि. लामो कम्तिमा ६ वटा फल्ने हाँगाहरु (Feather Branches ) भएको हुनुपर्नेछ।

१०. फल्ने हाँगाहरु (Feather Branches ) जमिनको सतह देखि ६० से.मि को उचाइबाट पलाएको हुनुपर्नेछ। जमिनको सतहबाट ६० से.मि सम्म एउटा पनि फल्ने हाँगा (Feather Branches ) नभएको हुनुपर्नेछ।

११. अगुवा हाँगा (Leader) को चारैतिरबाट Regular Intervals मा फल्ने हाँगाहरु (Feather Branches ) आएको हुनुपर्नेछ र फल्ने हाँगाहरु (Feather Branches ) अगुवा हाँगा (Leader) बिचको Crotch Angle ४५ डिग्री भन्दा कम नभएको हुनुपर्नेछ।

उमेश पण्डेरा.
नि. कार्यालय प्रमुख

१२. स्याउका कलमि बिरुवाहरु Quarantine Pest Free भएको बिरुवाको स्वास्थ्य जाँचको Phytosanitary Certificate स्याउ बिरुवा ढुवानीको समयमा पेश गर्नुपर्नेछ।

१३. स्याउका कलमि बिरुवाहरु प्याकिङ्ग गर्दा बेग्लै जातहरु छुट्टिने गरी लेबल राखेर १०-१० वटा बिरुवाको Bundle बनाइ प्याकेजिङ्ग गर्नुपर्नेछ। त्यसरी प्याकिङ्ग गर्नुपर्नेछ। त्यसरी प्याक गरिएका स्याउका कलमि बिरुवाहरु Refrigerated Container मा ढुवानी गर्नु पर्नेछ र तोकिएको अन्तिम स्थान सम्म नै Refrigerated Container मा नै ढुवानी गरी पुर्याउनु पर्नेछ।

१४. अन्तिम स्थानमा Refrigerated Container बाट स्याउका बिरुवाहरु unload गरि सकेपछि स्याउ बगैंचा स्थापना गर्ने स्थानसम्म स्याउ बिरुवाहरु ढुवानी गर्दा भिजको स्थानीय झ्याउ र पातलो जुटको बोराले बेरेर राम्ररी स्थानीय झ्याउले प्याकिङ्ग गर्नु पर्नेछ। स्याउको बिरुवाहरु सुख्न नदिन झ्याउलाइ समय समयमा पानीले भिजाइ चिस्यान कायम गर्नुपर्नेछ। स्याउको भारी बिसाउँदा चिसो वा छायाँ परेको ठाउमा स्याउको भारी बिसाउनु पर्नेछ। गाडी चल्ने स्थानमा सकेसम्म गाडीबाट र अन्य स्थानमा जुनसुकै साधन (भरिया, खच्चड, आदि) बाट स्याउ बिरुवाहरु ढुवानी गर्दा स्याउ बिरुवाहरुमा कुनैपनि अवस्थामा हानी नोक्सानी नहुने गरी सावधानीपूर्वक ढुवानी गर्नु पर्नेछ।

उमेश फडेरा
नि. कार्यालय प्रमुख

CamScanner